गाउँपालिका अध्यक्ष श्री शेर सिंह पार्कीले

गाउँ सभाको ..... अधिवेशनको बैठकमा प्रस्तुत

गर्नु भएको

नीति तथा कार्यक्रम

आलिताल गाउँपालिका

डडेल्धुरा

२०८१ असार .....

गाउँ सभा सदस्यहरू

१. आलिताल गाउँपालिका अध्यक्षको हैसियतले गाउँ सभामा निती तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा म गौरवान्वित छु । यस अवसरमा म नागरिक सर्वोच्चता र लोकतन्त्रको स्थापना तथा मुलुकको समृद्धि र अग्रगमनका लागि इतिहासको विभिन्न कालखण्डमा भएका राजनीतिक क्रान्ति, जनयुद्ध, जनआन्दोलन र मधेश आन्दोलनलगायतका बलिदानीपूर्ण सङ्घर्षमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने ज्ञात-अज्ञात शहीदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। साथै, मुलुकमा राजनैतिक परिवर्तनको लागि विभिन्न समयमा नेतृत्व प्रदान गर्नुहुने श्रद्धेय नेताहरूसहित सम्पूर्ण आलिताल वासी जनतामा हार्दिक कृतज्ञता व्यक्त गर्दछु।

२. आलिताल वासीको बृहत्तर हितमा समर्पित रहँदै समृद्ध र समतामूलक आलिताल निर्माणको सङ्कल्प पूरा गर्न यहाँहरूको विशेष भुमिका तथा समर्पित निम्ती शुभकामना व्यक्त गर्दछु ।

सभा सदस्यहरू,

३. नेपाल सरकार र गाउँपालिकाले लिएका नीतिगत तथा अन्य सुधारात्मक उपायको परिणामस्वरूप सबै क्षेत्रमा सकारात्मक नतिजा देखिन थालेको छ ।हामीले कार्यभार सम्हालेको पदावधी दुई वर्ष पुरा भई तेस्रो वर्ष प्रवेश गरेको परिप्रेक्षमा केही उपलब्धिहरू उत्साहजनक छन् भने केही कुराहरुमा सुधार गर्नु पर्ने देखिएको छ । शिक्षा स्वास्थ्य र खेलकुद क्षेत्रमा सकरात्मक कदम चालिएको आभास भइरहेको छ । सार्वजनिक सेवा प्रवाहमा सुधार आएको छ । स्थानिय सरकारलाई जनताको अभूतपूर्व साथ र सहयोग प्राप्त भएको छ। आर्थिक-सामाजिक रूपान्तरणमा तीव्रता आउनुका साथै विकास निर्माणले गति लिन थालेको छ ।सुशासनमा कुनै सम्झौता हुने छैन । गाउँपालिका स्पष्ट मार्गचित्रका साथ अघि बढेको छ, जनताको वास्तविक समस्याको पहिचाह गरी अगाडी बढ्ने प्रतिवद्वता व्यक्त गर्न चाहान्छु । आगामी दिनमा अझै विश्वसनीय ढङ्गले कार्य गर्ने समेत प्रतिवद्वता व्यक्त गर्न चाहान्छु । आलितालको समग्र विकास र समृद्धिका निम्ति स्थानीय सरकार र आम नागरिक एकै ठाउँमा उभिएका छौ।

४. अर्थतन्त्रका विद्यमान समस्यालाई समाधान गर्दै समस्टिगत आर्थिक स्थायित्व सहितकको दिगो फराकिलो र समन्यायिक आर्थिक वृद्वी हासिल गर्ने नेपाल सरकार को लक्ष्य पुरा गर्न गाउपालिका प्रतिवद्व छ । तथापी आर्थिक समृद्विको कुरा गर्दै गर्दा यस आलिताल गाउँपलिका भित्र संचालन मा आएका लघुवित्तिय संस्थाहरुको कडाइ पुर्वक नियमन र कर्जा प्रवाह वाफत स्थानिय आर्थिक वृद्वी भएको छ र क्षयिकरण हुदै आएको छ त्यसको लेखाजोखाको समेत अनुगमन गरिने र कर्जा प्रवाह गरेको समुहमा गई आर्थिक विकशमा पारेको असर कस्तो र कती भन्ने विषयमा पनि अनुगमन गरिने छ ।त्यसको साथ साथै पालिका मातहतका सहकारी सस्थाहरुको विज्ञ टोलि सहितको अनुगमन र लेखापरिक्षण को विवरण पनी अनुगमन तथा नियमन गर्दै निक्षेप कर्ताको लगानीको सुरक्षा तथा सुनिश्चिता गरिने निती लिइने छ ।

५. विधिको शासन कायम गर्ने र मानव अधिकारको संरक्षण तथा संवर्द्धन गर्ने दिशामा महत्त्वपूर्ण प्रगति हासिल भएका छन् ।

६. आर्थिक स्थायित्व सहितको दिगो, फराकिलो र समन्यायिक आर्थिक बृद्धि हासिल गर्ने नेपाल सरकारको लक्ष्य पूरा गर्न गाउँपालिका प्रतिवद्ध छ ।

७. आर्थिक स्थायित्व सहितको दिगो, फराकिलो र समन्यायिक आर्थिक बृद्धि हासिल गर्ने नेपाल सरकारको लक्ष्य पूरा गर्न गाउँपालिका प्रतिवद्ध छ ।

८. प्रचलित कानूनको पालनामार्फत उपभोक्ता समिति द्वारा सम्पादन गरिने योजना तथा कार्यक्रमहरूलाई थप पारदर्शी र व्यवस्थित गरिनेछ ।

९. उपभोक्ता समितीको कामलाई रोजगारी को निम्ती पहल गरिएको तथा आय आर्जन संग सम्वन्धित रहेको विषय पनी सवैमा जानकारी गराउँदछु

१०. सरकारी खरिद प्रक्रिया थप पारदर्शी एवं व्यवस्थित गरिनेछ।

११. संविधान र सङ्घीयताको प्रभावकारी कार्यान्वयन, अर्थतन्त्रको संरचनात्मक सुधार, सार्वजनिक खर्चमा मितव्ययिता, पूँजीगत खर्च वृद्धि, गुणस्तरीय पूर्वाधार निर्माण, शासकीय व्यवस्था र सेवा प्रवाहमा सुधार, भ्रष्टाचार नियन्त्रण, उत्पादन र रोजगारीको वृद्धि गरि अर्थतन्त्रको विकास तथा पालिका को समृद्धीमा जोड दिइने छ ।

१२. स्थानिय सरकारलाई उत्पादन उत्पादकत्व र रोजगारी वृद्धी गर्न २०८१-०८२ को बजेटलाई उच्च प्राथमिकतामा राखिने छ ।

१३. पालिका मा आन्तरिक उत्पादन बढाई आयात प्रतिस्थापन र निर्यातमा वृद्धी गर्न तथा पालिका भित्र रोजगारी सिर्जना गर्न सहकारी समुदायको साझेदारीमा "उत्पादन र रोजगारीको लागी साझेदारि" कार्यक्रम संचालन गरिने छ

१४. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत छनौट भएका श्रमिकहरुको ज्याला विकास निर्माण र उत्पादनमा मा साझेदारी गरिने छ ।

सभा सदस्य ज्युहरु

१५. विकास आयोजना छनौट गर्दा सामाजिक आर्थिक उत्पादन र रोजगारी सिर्जनालाई प्रमुख आधार लिइने छ । कार्यान्वयन मा रहेका आयोजना तथा कार्यक्रम हरुको पुन: प्राथमिकिकरण गरि नतिजा दिने,

तोकिएको समयमा सम्पन्न हुन सक्ने आयोजना तथा कार्यक्रम यथेष्ठ बजेट विनियोजन गरिने छ । आयोजना प्रगतिका आधारमा सम्पन्न गर्ने, निरन्तरता दिने, स्थगन गर्ने वा खारेजी गर्ने निती लिइने छ।

१६. आन्तरिक श्रोत को परिचालन लाई दिगो बनाइने छ राजश्वका थप क्षेत्र पहिचान गरि दायरा विस्तार गरिने निती लिइने छ । सवै प्रकारका आर्थिक कृयाकलापलाई औपचारिक प्रणालीमा आवद्व गर्न जोड दिएने छ।

१७. स्थानिय सरकारको बजेट निर्माण देखी कार्यान्वयन प्रकृया सम्मको पुनरावलोकन गरी पुजिगत खर्च वृद्वी गरिनेछ। सरकारी खर्चमा मितव्ययिता कायम गरिनेछ। विनियोजन जवाफदेहितालाई कडाईका साथ लागु गरिने छ ।आर्थिक प्रशासनलाई थप पारदर्शी नतिजामुखी र सुचना प्रविधीमा आधारित बनाइने छ। प्रशासनिक क्षेत्र तथा निती कार्यन्वयन प्रकृयामा कार्य सम्पादन मुल्याङ्कनलाई प्रशासनिक र संगठनिक क्षेत्रको अभिन्न अंग मानिने छ । करारमा कार्यरत शिक्षक तथाकर्मचारीहरुलाई कार्यसम्पादन मूल्याङ्कनका आधारमा सेवा अवधी थप वा खारेजी गरिनेछ।

आर्थिक विकास

❖ ***<u>कृषि तथा पशुपन्छी विकास :</u>***

- आलिताल गाउँपालिकाले आर्थिक वर्ष २०८१-२०८२ को निति तथा कार्यक्रमा कृषी क्षेत्रलाई प्राथमिकता मा राखी आलिताल गा.पा. लाई कृषिमा आधारित कृषी संरक्षण मार्फत निती कृषि क्षेत्रको आवश्यकता पहिचान गरि आलिताल गाउँपालिकाले पालिका स्तरिय कृषि संरक्षण तथा पालिका कृषी जोन निर्माण गरी कृषि क्षेत्रमा आत्म निर्भरता का लागी विशेष जोड दिइने छ।
- खास गरी प्राकृतिक विपद जलवायु परिवर्तन (गोलोवल वार्विङ) को प्रभावले कृषि उत्पादन मा देखिएको ह्रास र कृषी उत्पादनमा देखिएको न्युनताले कृषकहरू को निराशतालाई ध्यानमा राखी आलिताल गाउँपालिकाले किसान हरु को समस्यालाई विशेष प्राथमितामा राख्दै समाधानका लागी विशेष पहल गरिने छ।
- खासगरी सुख्खा र खडेरी को कारण कृषि उत्पादनमा घट्दो अवस्थालाई र कृषि मा आत्म निर्भरता को लक्ष्यलाई ध्यानमा राखी आलिताल गा.पा. ले रङ्गुन नदी को रेला देखी धारितोला जहल तिलेता सिले हुदै दुवालीखेत मौरी भुङडा बेतन्ना धुलिखेत नवलपुर (रङ्गुन तटिय)क्षेत्रमा विशेष पहलगरी तरकारी उत्पादन र एक घर एक करेसाबारी निर्माणमा जोड दिइने छ।

- वार्ड नं. १ र २ मा चलिरहेको तरकारी उत्पादन क्षेत्रलाई अझ प्रभावकारी बनाईने छ । मेहनती किसानलाई सम्मान तथा अनुदानको व्यवस्था मिलाईनेछ ।
- वडा नं. १मा खासगरी मौसमी तथा बेमौसमी तरकारी उत्पादन लाई संरक्षण गरिने छ साथै तरकारीको विउ उत्पादन लाई थप प्रभावकारी र किसानहरुको आयआर्जन सहित रोजगारी सिर्जनाको लागी प्रधान मन्त्री रोजगार कार्यक्रम संग साझेदारी गर्ने निती लिइने छ ।
- आलिताल गा.पा.ले बाहिर बाट आयातित विसादी प्रयोग भएका कृषि जन्य उत्पादन जस्तै आलु प्याज टमाटर लसुन काक्रो खुर्सानी अदुवा बेसार हरियो सागपात लगायत अन्य मसलाजन्य बस्तुहरु को आयातमा निरुत्साहित गरी आन्तरिक उत्पादनलाई बजारीकरण र व्यवस्थापन गर्न विशेष पहल गरिने छ । तरकारी तथा मसलाजन्य कृषी उत्पादनमा आत्मनिर्भर पालिका को अवधारणा अनुरुप उत्पादन वृद्वी व्यवस्थापन बजारीकरणका लागी पालिका स्तरिय कृषि निती बनाई कार्यन्वयन गरिने छ र आयातलाई निरुत्साहित र निर्यातलाई अर्थ तन्त्रको मेरुदण्ड मानी उत्पादन बढाउने कृषि निती बनाई कार्यान्वयन गरिने छ । तरकारीको क्षेत्रमा विशेष पहल पश्चात बाहिरबाट आएको तरकारी जन्य बस्तुहरू विसादी प्रयोग भएका बस्तुहरुलाई प्रतिबन्ध लगाइने छ ।
- बेमौसमी तरकारी को उत्पादन को निम्ती मेहनत गर्ने कृषकको विवरण संकलन गरी थप शसक्त उर्जावान बनाउन का लागी प्रोत्सान गर्ने निती लिइने छ ।
- पालिकाभरिमा उपोभोग्य कृषि उत्पादन कार्यक्रम व्यवस्थापन को लागी प्रधानमन्त्री कृषी आधुनिकीकरण कार्यक्रम मार्फत सिचाई सम्भावना भएको क्षेत्र (भुङडा बेतन्ना धुलिखेत र नवलपुर) को टोल बस्तिहरुमा सिचाईको ब्यवस्था गर्दै तरकारी जोन बनाउने अवधारणा बिस्तार गरिने छ ।
- कृषी क्षेत्रमा खासगरी तरकारी उत्पादन को निमित्त सिचाई सम्भावना भएको स्थानहरुमा एक वडा एक कृषी पकेट क्षेत्र स्थापना को लागी थपनपहल गरिने छ र स-साना सिचाई पोखरीको निर्माण गरी तरकारी उत्पादनमा जोड दिइनेछ ।विशेषत:बेमौसमी तरकारी उत्पादन को निम्ती मिहेनती कृषक समुह वा कृषकलाई अनुदानको व्यवस्था मिलाईने छ ।

- पालिका तथा वडाहरुमा दर्तामा भएका कृषि फर्म, कृषक समहु तथा सहकारी र किसान हरुलाई प्रोत्साहनको निती अवलम्वन गर्दै कृषि प्राविधिक द्वारा तालिम को व्यवस्था मिलाईने छ।
- दुधमा आत्म निर्भर गाउँपालिकाको नितिमा आधारित दुग्ध उत्पादनसिल किसान समुहलाई थप उर्जावान बनाउन दुध को भुक्तानी प्रकृया सहज बनाउने निती लिइनेछ। दुग्घ संकलन केन्द्रको टोल बस्तिहरुलाई उन्नत जातका गाई भैसी पालनका निम्ती थप प्रोत्साहन गरिनेछ। साथै भैसी अनुदान कार्यक्रमको अनुगमन मुल्याङ्कन गरिने छ।
- वडा नं. ६ को दोबाटा र वडा नं ३ बण्डाले, सेलागाउँ र डाडाँखर्क मा अमिलो जातका फलफुल मौसमी पकेट क्षेत्र घोषणा गरी त्यसको संरक्षण र प्रवर्धन मा जोड दिएने छ। वडा नं. ७ को भाडीमा उखु तथा मसलाजन्य कृषि उत्पादन पकेटका निमित्त पहल गरिने छ।
- कृषि क्षेत्रको उत्पादन र उत्पादत्व गरी क्रमश: आत्म निर्भर हासिल गरिने छ।
- गुणस्तरिय विउविजनमा गाउँपालिका लाई आत्म निर्भर बनाइने छ। रैथाने वाली विउविजन र नश्ल, कृषि तथा पशु पंक्षी जन्य जैविक विविधताको संरक्षण गरिने खालका कार्यक्रम संचालन गरिने छ। प्राराङ्घारिक तथा जैविक मल को उत्पादन र उपयोग लाई प्रोत्साहित गरिने छ।
- कृषिवाली,पशुपंक्षी मत्स्य तथा वनजन्य व्यवसायिलाई समेट्ने गरी नेपाल सरकारको निती अनुसार कृषि विमा कार्यक्रम संचालन गरिने छ। फलफुल नर्सरी र वेर्ना रोपण लाई व्यापक रुपमा विस्तार गरि पालिकालाई फलफुलमा समेत आत्म निर्भर गरिने छ।
- आलुबाली पकेट विकास कार्यक्रम र बाख्रा पकेट विकास कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- अनुदान कार्यक्रमको लाभग्राही देखिएमा लाप्रबाही गर्ने फर्म समुह व्यक्ती लाई ५ बर्ष सम्म कुनै पनि अनुदान दिईने छैन।

❖ पशु सेवा:

- आलिताल गाउँपालिका क्षेत्रमा अधिक सम्भावना रहेको व्यावसायिक बाख्रापालन लाई प्रवर्द्धन गरी बाहिर जिल्लामा खसि, बोका र बाख्रा निर्यात गर्ने लक्ष्य राखी बाख्रापालन उत्पादनमा आधारित अनुदान कार्यक्रम संचालन गरिनेछ।
- हाल बजारमा भइरहेको मासु र अण्डाको माग र आयातलाई ध्यानमा राखी गाउँपालिकामा संचालित विभिन्न कुखुरापालन फार्मलाई व्यवस्थित गर्न उत्पादनमा आधारित कुखुरापालन फार्म सुधार अनुदान कार्यक्रम संचालन गरिनेछ।
- उत्पादित पशुजन्य पदार्थको बजारिकरणका लागि मासु पसल र डेरी पसल सुधारका लागि उत्पादनमा आधारित अनुदान कार्यक्रम संचालन गरिनेछ।
- निम्न आय भएका, विपन्न, एकल महिला, अपाङ्गलाई सजिलै आम्दानी गरीजिविकोपार्जनगर्ने उपायको रुपमा बाख्रा, कुखुरा वितरण अनुदानका कार्यक्रम संचालन गरिनेछ।
- कृषकलाई गाँउघरमा नै पशु उपचार सेवा प्रदान गर्न गाउँपालिकाबाट टाढा रहेका वडामा पशु स्वास्थ्य शिविर,आन्तरिक तथा वाह्य परजिवि नियन्त्रण शिविर संचालन गरिनेछ।
- पशु आहारामा उत्पादन योग्य पोषिला घाँसका विउ वितरण, नर्सरी स्थापना, घाँसवाली श्रोतकेन्द्र स्थापना गर्ने कार्यक्रम संचालन गरिनेछ।
- कृषकहरुलाई गाउँघरमा नै पशु उपचार सेवा र कृत्रिम गर्भाधान सेवा तथा खोप सेवा संचालन गर्न सजिलोका लागि प्रत्येक वडाका पायक पर्ने स्थानमा फलामे ट्रेविज निर्माण गरिनेछ।
- बाख्रामा लाग्ने परजिवि नियन्त्रणका लागि बाख्रापालन बढी भएका क्षेत्रमा डिपिङ ट्याङ्की वितरणका कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- कृत्रिम गर्भाधानका माध्यमबाट स्थानीय पशुहरुको नश्ल सुधार गरी दुग्ध उत्पादन बढाउन संचालन भईरहेको कृत्रिम गर्भाधान कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- पशुपालन ब्यवसायमा जोखिम न्यूनिकरण गर्नका लागि पशुपंक्षी बिमालाई प्राथमिकरण गरिनेछ।
- गत अनुदान बितरण गरिएका गाई भैसी वाख्रा कुखुरा बङ्गुर आदिको अनुगमन कडाई पुर्वक गरिनेछ।

❖ **संस्कृति तथा पर्यटनः**

- आलिताल र जोशीना झरना लगायतका पर्यटकीयस्थलको रुपमा विकास गर्न आवश्यक पूर्वाधार निर्माण तथा संरक्षण र संवर्द्धन गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

- वडा नं. ३ तथा अन्य वडा मा भएका ऐतिहासिक धर्मसालाहरु खोज अनुसन्धान गरी संरक्षण तथा सम्बर्द्धन गरिनेछ।
- गाउँपालिका क्षेत्र भित्रका देउडा हुड्के मारुनी नाँच, पञ्चेबाजा, गमरा,गौरा पर्ब लगायतका स्थानीय लोक संस्कृति जगेर्ना तथा सांस्कृतिक सम्पदा एवं मठमन्दिरहरुको संरक्षण गर्दै पर्यटकीय गन्तव्यको रुपमा विकास गरिनेछ।

सामाजिक विकास

❖ स्वास्थ्यः

- स्वास्थ्य क्षेत्रको आधारभूत तहमा काम गर्ने सामुदायिक महिला स्वास्थ्य स्वयम् सेविकाहरुको स्वयम् सेबी भाबको कदर गर्दै तथा स्वास्थ्य क्षेत्रमा खेलेको भूमिकाको सम्मान स्वरूप उहाँ हरुले प्राप्त गर्दै आएको मासिक उत्प्रेरणा रकम एबम कार्यक्रम हरुमा प्राप्त गरिदै आएको यातायात खर्च रकममा बृद्धि गरिने छ।
- स्वास्थ्य क्षेत्रको भौतिक पुर्बधार कार्यलाई प्राथिमिकता दिई आधारभूत स्वास्थ्यसेवा केन्द्र हर्तोला एबम आधारभूत आलिताल अस्पतालको निर्माण कार्यलाई अगाडी बढाइनेछ।
- सामुदायिक स्वास्थ्य इकाई वडा नं ३ सेला र वडान नं ७ खिन्ने भाड़ी बाट आधारभूत स्वास्थ्य सेवा हरु थप विस्तार गरिनेछन।
- हाल सम्म गांखेत स्वास्थ्य चौकी र आलिताल स्वास्थ्य चौकीमा सिमित रहेको ल्याब सेवालाई वडा नं ४,वडानं ६ र वडा नं ७ लाई पहुचं योग्य बनाउन आधारभूत स्वास्थ्य सेवा केन्द्र घरेलुमा प्रयोगशाला सेवा विस्तार गरिनेछ।
- एम्बुलेन्स सेवालाई थप प्रभाबकारी बनाउन आलितालको माथिल्लो क्षेत्र (वडा नं ४,६ र ७) को लागि थप एम्बुलेन्सको ब्यबस्थापन गरि आकस्मिक प्रेषण सेवालाई प्रभाबकारी बनाइनेछ .
- प्रत्येक स्वास्थ्य सस्था हरु बाट प्रबाह हुने आधारभूत स्वास्थ्य सेवाका सूचना एबम प्रगतिहरुलाई इन्टरनेट अनलाईन प्रणालीमा समाबेस गराउने कार्यलाई विस्तार गरिने छ।

- आलिताल गाउँपालिका अन्तर्गतका ५ बर्षमुनिका बालबालिका हरु संचालनमा भएका कुनैपनि खोप बाट बन्चित हुनु नपरोस भन्ने अभिप्रायले पूर्णखोप वडा तथा पालिका घोषणाका कार्यक्रमहरुमा निरन्तरता दिइनेछ ।
- किशोर/किशोरी प्रजनन स्वास्थ्य लाई प्राथिमिक्तामा राखी आलिताल स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य सेवा केन्द्र भित्रिसैन र घरेलु लाई किशोर/किशोरी मैत्री स्वास्थ्य सस्थाको रुपमा प्रमाणीकरण गर्न आबस्यक ब्यबस्थापन गरिनेछ।
- कुपोषणमा रहेका बालबालिका हरुको निदान गर्न पोषण लेखाजोखा कार्यक्रमलाई निरन्तरता दिइनेछ .।
- निशुल्क औसधि तथा औसधिजन्य सामाग्री हरुको आपूर्तिकार्यलाई निरन्तरता दिइनेछ।
- आकस्मिक गम्भीर दुर्घटना, सर्पदंस, प्रेषण गर्नुपर्ने गर्भवती महिला हरुलाई निसुल्क एम्बुलेन्स सेवा उपलब्ध गराइनेछ।
- भैगोलिक विकटतालाई ध्यानमा राखी आधारभूत स्वास्थ्य सेवा केन्द्र चौड लाई बर्थिंग साइटको रुपमा सेवा विस्तार गरिनेछ ।
- प्रतेक वडाका स्वास्थ्य संस्था हरुलाई डट्स सेन्टर(क्षय कुष्ठ रोग),ओ.टि.सी. सेन्टर (कुपोषण उपचार) को रुपमा थप ब्यबस्थित गरिनेछ ।
- आयुर्बेद औसधालय लाई स्तरोन्नति गर्न र गुणस्तरीय आयुर्वेदिक बिधि बाट उपचार सेवा प्रबाह गर्न आबश्यक पहल गरिनेछ ।
- बहुक्षेत्रीय पोषण कार्यक्रम लाई मात्रु तथा बालपोषण संग समन्वय हुने गरि प्रभाबकारी किसिमले अगाडी बढाइनेछ ।
- अति बिपन्न, जेष्ठ नागरिक,एकल महिला/पुरुष,अपांग बेसहारा बर्गका लागि निशुल्क स्वास्थ्य उपचारको व्यवस्था मिलाउन पहल गरिनेछ ।
- एच. आई.भि । एड्स प्रभावित हरुलाई पालिका बाट प्रदान गरिने राहारमुखी कार्यक्रम तथा ज्ञान सिप प्रदान गर्ने रोजगार मुलक कार्यक्रमहरुमा प्राथमिकता दिईनेछ ।

शिक्षा

शिक्षक व्यवस्थापन तथा शैक्षिक गुणस्तर सुधारका लागि शिक्षा क्षेत्रमा तपसिलका बिषयबस्तु समेटिने गरी नितिहरु कार्यान्वयनमा ल्याईनेछ।

- भौतिक 'सुधार तर्फ
- दरबन्दी मिलान/ विद्यालय मर्जर लगायतका विषयमा
- विद्यालयको सौन्दर्यकरण / सरसफाई तथा बालमैत्री विद्यालय निर्माणका सम्बन्धमा
- बाल कक्षा तथा माघारभूत तहको शैक्षिक सुधार तर्फ
- हरेक माध्यमिक विद्यालयलाई Leader School वा School of Excellence का रुपमा विकास गर्ने सम्बन्धमा
- कमजोर सिकाइ उपलब्धी भएका बालबालिकाको उपचारात्मक सिकाइ तर्फ
- पठन सीप तथा पठन संस्कृति अभियानका सम्बन्धमा
- कोभिड लगायतका कारण भएको सिकाइ क्षति जापुरण सम्बन्धमा
- **अतिरिक्त क्रियाकलाप तथा बालबालिकाको चौतर्फी विकासका सम्बन्धमा**
- संस्कार / चरित्र निर्माण / अनुशासन तथा जिम्मेवार विद्यालय प्रशासनका सम्बन्धमा
- नभिभावक सचेतना कार्यक्रम तथा नभिभावक शिक्षा कार्यक्रमका सम्बन्धमा
- साक्षरता कार्यक्रम, अनौपचारिक तथा आजीवन सिकाईका सम्बन्धमा
- विद्यालय छोडेका विद्यार्थीलाई विद्यालयमा ल्याउने सम्बन्धमा
- पढ्दै कमाउँदै वा शिक्षामा सीप कार्यक्रमका सम्बन्धमा
- स्थानीय पाठ्यक्रमका सम्बन्धमा
- प्रविधिमैत्री शिक्षण तथा सुपरीवेक्षणका सम्बन्धमा
- शिक्षक तथा प्रधानाध्यपाकको क्षमता विकास तथा प्रोत्साहनका सम्बन्धमा
- शिक्षण सिकाइमा सुधारका सम्बन्धमा
- एकाईसौं शताब्दिको विद्यालय निर्माणका सम्बन्धमा

- शिक्षक व्यवस्थापन तथा शैक्षिक गुणस्तर सुधारमा दिदै आएको अनुदानमा बृद्धी गरी बृद्धि गरेको रकम कार्यसम्पादन संग आवद्ध गरी शिक्षामा गुणस्तर कायम गरिनेछ।

- आलिताल गाउँपालिकाको शिक्षा ऐन तथा नियमावलीको प्रभावकारी कार्यान्वयन गरी अवधि पुगेका स्थायी शिक्षकहरुको चक्रिय र पुर्वानुमानयोग्य सरुवालाई व्यवस्थित गरिनेछ।
- आधारभूत तह कक्षा १-८ को स्थानीय पाठ्यक्रमलाई कार्यान्वयनको क्रममा देखिएका अनुभवका आधारमा परिमार्जनगर्दै लगिनेछ।
- सामुदायिक विद्यालयको गुणस्तर अभिवृद्धिको लागि माध्यमिक विद्यालयहरुमा ICT सहितको विद्यालय पुस्तकालय तथा व्यवस्थित विज्ञान प्रयोगशाला स्थापना गर्ने कार्यलाई निरन्तरता दिइनेछ।
- आधारभूत तह उत्तिर्ण परीक्षा (कक्षा-८) संचालन कार्यलाई थप व्यवस्थित र प्रभावकारी बनाउन हाल कायम गरिएको होमसेन्टर परिवर्तन गरिनेछ।
- सामुदायिक विद्यालयहरुको शैक्षिक स्तर सुधारका लागि नियमित अनुगमन निरीक्षण तथा शिक्षकको पेशागत सहयोगका कार्यक्रमहरु संचालन गरिनेछन।
- सामुदायिक विद्यालयहरुमा कक्षा ६-१२ मा अध्ययनरत सबै छात्राहरुलाई स्यानीटरी प्याडको खरिद तथा वितरणको कार्यलाई निरन्तरता दिइनेछ।
- यस गाउँपालिका अन्तर्गत आवासीय कक्षा संचालन गरी सामुदायिक विद्यालयहरुलाई अनुगमन, निरीक्षण र मूल्याङ्कन गरी थप व्यवस्थित गर्न आवश्यक अनुदान सहयोग गरिनेछ।
- आधारभूत तह (कक्षा ६-८) र माध्यमिक तह (कक्षा ९-१०) मा विषयगत आधारमा तथा आधारभूत तह (कक्षा १-५) मा शिक्षक विद्यार्थी अनुपात, विद्यालय नक्साङ्कनका आधारमा दरबन्दी मिलान तथा पुनर्वितरण कार्यलाई निरन्तरता दिइनेछ।
- समुदायमा आधारित वालविकास केन्द्रहरुलाई आवश्यकता र औचित्यताका आधारमा विद्यालयमा समायोजन मिलान गर्ने र गाउँपालिकाबाट खोलिएका समुदायमा आधारित वालविकास केन्द्रहरुलाई विद्यार्थी संख्या, भौगोलिक दुरी र नक्साङ्कनका आधारमा थपघट गरिनेछ।
- एकीकृत पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि शिक्षकहरुको पेशागत विकासमा जोड दिइनेछ।
- ICT को पहुँच नभएका विद्यालयहरुलाई क्रमशः प्रतिविद्यालय कम्तिमा पनि १ ल्यापटप र १ प्रिन्टर उपलब्ध गराइने छ।
- वालविकास केन्द्रका कक्षा कोठाहरुमा भित्ते लेखन गरी आकर्षक र ज्ञानमुलक बनाइने छ।

- शिक्षा प्रति आकर्षण बढाउन र हौसला स्वरुप अध्यक्ष संग विद्यार्थि कार्यक्रमलाई निरन्तरता दिदै विधागत सिप कला कौसल र उत्कृष्ट लाई प्रोत्सान दिइने छ ।
- कक्षा ८ को परिक्षालाई व्यवस्थित गर्दै पालिका स्तरिय परिक्षा को अवधारणा अनुरुप एकरुपता ल्याइ शिक्षण मुल्याङ्कन को ब्यवस्था गरिने छ ।
- सामाजिक बिकासका लागि सामाजिक अभियान्ता नियुक्ति तथा परिचालन गर्ने ।
- बिद्यालयमा शिक्षा नियमावली अनुसारको बरिष्ठतम शिक्षक प्र.अ हुने व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

युवा तथा खेलकुदः

- विकास निर्माण तथा सामाजिक निर्माण कार्यका लागि युवा स्वयमसेवक समूह गठन गरी परिचालन गरिनेछ ।
- राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता, अध्यक्षकप भलिबल प्रतियोगिता ,क्रिकेट प्रतियोगिता लगायतका विभिन्न एथलेटिक्स मारसल आर्ट,उस्सु,हपकिडो तेकवान्डो र कराटे लगायतका खेलकुद सम्बन्धी विविध कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- प्रत्येक वडा स्तर मा टिम छनौटको प्रतियोगिताको माध्यम बाट पालिका स्तरिय टिमको निर्माण गरिने छ ।

❖ खानेपानी तथा सरसफाईः

- जलवायु परिवर्तन को कारण वर्षा नहुदा सुख्खा खडेरीले यस पालिका भित्रका धेरै जसो पानिका मुहान सुकेर जाने भएकाले पालिकाको गम्भिरता पुर्वक ध्यान जान जरुरी देखिएकको छ । जलवायु परिवर्तन र सुख्खा खडेरीका कारण खोला नाला र जङ्गलमा रहेका खाल्डा खुल्डी सुक्दै जादा जनावर चराचुरुङ्गी र जिव जन्तु समेत नासिएर जाने भएकाले प्रकृती पर्यावरणमा असर पर्ने देखिन्छ ,त्यसैले खानेपानी को मुहान संरक्षण आवश्यक रहेको छ त्यसका निम्ती मुहान संरक्षण गर्न स-साना रिचार्ज पोखरी निर्माण गर्दै रुखविरुवा रोप्ने निति बनाइने छ ।
- पालिका भित्र खानेपानी समस्या विकराल बन्दै गएकको यस परिप्रेक्षमा वैकल्पिक व्यवस्था मिलाउन ट्याङ्कर को व्यवस्था गरिने छ ।

- विभिन्न संघसस्था संग साझेदारी गरी दिर्घकालिन समस्या समाधान को निति लिइने छ ।
- फोहरमैला व्यवस्थापनको लागि मुख्य मुख्य स्थानमा डम्पिङ साईट निर्माण गरिनेछ।
- खानेपानि तथा सरसफाई (WASH) योजना निर्माण गरी सोहि योजना अनुरुप प्राथमिकताका आधारमा खानेपानि तथा सरसफाईको क्षेत्रमा बजेट बिनियोजन गरिनेछ।
- गाउँपालिकामा रहेको WASH ईकाई लाई सुदृढीकरण गरी आवस्यक तालिमप्राप्त जनशक्तिको समेत व्यवस्थापन गरिनेछ।

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणः

- महिला विरुद्धका कुरिती, भेदभाव र हिंसा अन्त्य गर्न सामाजिक जागरण, सशक्तिकरण र महिला शिक्षाका कार्यक्रम संचालन गरिनेछ ।
- विपन्न, दलित, आदिवासी, जनजाती, एकल महिला, अपाङ्गता भएका महिला लगायत बञ्चितीकरणमा परेका सबै समुदायका महिला तथा किशोरीका लागि आय आर्जन, सशक्तिकरण तथा क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछन् ।
- महिला तथा बालबालिका उपर हुने सबै प्रकारका हिंसा अन्त्यका लागि सबै वडाहरुमा अभियान सञ्चालन गरिनेछ ।
- टुहुरा, अति विपन्न बालवालिकाहरुलाई अध्ययनको लागि राहत स्वरुप प्रोत्साहन गरिनेछ ।
- बालक्लबको क्षमता विकास तथा अतिरिक्त क्रियाकलापमा सहभागी गराइनेछ ।
- बालविवाह अन्त्यका लागि बाल संजाललाई परिचालन गरिनेछ ।
- निजामती तथा सरकारी सेवामा प्रवेश गर्ने चाहना भएका तर आर्थिक अभावले पढ्न नपाएका गरिब, दलित, आदिवासी, जनजाती र महिला वर्गलाई माथि उठाउन निशुल्क लोकसेवा तयारी कक्षा संचालन कार्यलाई निरन्तरता दिइनेछ ।
- लैंगिक उत्तरदायी बजेट तथा क्रियाकलापहरुलाई निरन्तरता दिइनेछ ।
- सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई सरल र सहज वनाईने छ ।

रोजगार सेवाः

- गाउँपालिका अन्तर्गत संचालन हुने विकास निर्माणका कार्यहरुमा रोजगार सेवा केन्द्रमा सूचिकृत बेरोजगार व्यक्तिहरुलाई प्राथमिकता दिइनेछ ।

- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत संचालित योजनाहरुलाई प्रत्यक्ष विकाससंग जोडेर जनताको सीप, क्षमता र योग्यता अनुसार रोजगारी प्रदान गरिनेछ।
- बैदेशिक रोजगारबाट फर्केका युवाहरुले आर्जन गरेको ज्ञान र सिपको सदुपयोग गर्दैस्वरोजगार र उद्यमशिलता विकासका लागि स्थानीय आर्थिक विकास अन्तर्गत नवप्रवर्तनशीलतथा प्रोत्साहनमुखी कार्यक्रमसंग आवद्ध गरिनेछ।

व्यक्तिगत घटना तथा सामाजिक सुरक्षा

- सबै वडा कार्यालयहरुमा Biometric Device जडान गरी सामाजिक सुरक्षा भत्ता नविकरण कार्य Biometric Verification वडा कार्यालय बाट नै गरिने व्यवस्था मिलाइने छ ।
- राष्ट्रिय परिचयपत्र स्थानीय तह बाटनै अनलाईन दर्ता गर्ने प्रक्रिया शुरु गरिनेछ।
- वडा कार्यालयका पञ्जिकाधिकारीहरुलाई क्षमता विकास तालिमको व्यवस्था गरिनेछ।

पूर्वाधार विकास

- आलिताल गा.पा.भित्र रहेका प्रत्येक वडामा सडक संजालहरुको मर्मत र सरसफाईका निमित्त आलिताल गाउँपालिकाले विशेष पहल लिइने छ। घुम्ती चिरकिट्टे हुदै डडेल्धुरा सदरमुकाम सम्मको सडक विस्तार तथा स्तरोउन्नती गरिने छ। सडक संजालबाट बन्चित टोलहरू ढाड्डु सेला र किमोडी सम्म तथा अन्य वडाहरुमा पनी सडक संजाल जोडिने छ।
- आलिताल गाउँपालिका परिसरमा बनेको सहिद स्मृती भवनलाई पुर्णता दिइनेछ साथै गोदाम बजारमा रहेको मदन भण्डारी स्मृती प्रतिक्षालयको व्यवस्थापन र पुन: निर्माण गरिने छ।
- वडा नं. ६ को संतुवा सडक संजाल सहज बनाईने छ। साथै गोलेथर प्रसेरावल सडक संचालन मा ल्याइने छ। बत्थडा चनला पड्याम आलिताल सडक सुचारु गरिने छ।
- प्रत्येक वडाका जनयुद्द तथा जनआन्दोलनताका सहादत प्राप्त गरेका सहिदहरुको स्मृतीमा स्मृती पार्क प्रतिक्षालय तथा शालिकहरु को स्थापना गरिने छ।

सिंचाई:

- सिंचाईको अभावमा बाँझो रहेका खेतियोग्य जमिनमा सिंचाईको पहुँच पुर्याई कृषि उत्पादन बढाउने कार्यलाई निरन्तरता दिइनेछ।

उर्जा:

- विद्युतको पहुँच नपुगेको वस्तीमा विद्युतीकरणको कार्य विस्तार गरिनेछ।
- मुख्य मुख्य स्थान तथा बजार क्षेत्रमा सौर्य सडक बत्ती जडानका लागी पहल गरिने छ।

संचार

- गाउँपालिका भित्र ईन्टरनेट सेवा विस्तारकालागि नेपाल टेलिकमसंग सहकार्य गरी फाईवर नेटको विस्तार तथा सहज पहुँचका लागि पहल गरिनेछ।
- गाउँपालिका अन्तर्गतका सम्पूर्ण बस्तिहरुमा 4GMobile नेटवर्क सुविधाका लागि सम्बन्धित निकायमा पहल गरिनेछ।
- गाउँपालिकाबाट प्रकाशन हुने सूचनाहरु स्थानीय संचार माध्यमबाट प्रकाशन तथा प्रशारण गर्ने नीति लिइने ।

वन तथा वातावरण:

- दिर्घकालिन रुपमा वातावरण लाई असर पार्ने खालका प्लास्टिक झोला(क्यारी ब्याग) निषेध गरिने छ। मानव स्वास्थ्य संगै वातावरण संहरक्षणमा गम्भिर असर पार्ने प्लास्टिक तथा प्लाष्टिक जन्य प्रयोगलाई नियन्त्रण गर्नकालागी नियमित अनुगमन र चेतना विस्तार गर्दै प्लाष्टिक मुक्त अभियान लाई निरन्तरता दिइने छ।
- पोलिथिन झोला को विकल्पमा पुन: प्रयोग गर्न सकिने कपडा र नाइलनको प्रयोग गर्ने निति लिइने छ।
- जथाभावि फालिने पलाष्टिक र पलाष्किजन्य फोहोर मैलाले प्रतक्ष्य पार्ने असरलाई मध्ये नजर राख्दै बजार क्षेत्र(घरेलु गोदाम मौरी) बजार लाई वातावरणिय सरसफाई र प्लाष्टिक जन्य तथा अन्य फोहरमैला व्यवस्थापन का लागी बजार ब्यवस्थापन समिती मार्फत काम थालिने निती लिने छ। विशेषत : जनचेतना जागृत गराउदै पोलिथिन ब्याग र प्लाष्टिक जन्य प्रयोग न्युनिकरण गर्न चेतना मुलक कार्यक्रम गरिने छ।
- प्लास्टिक गल्न धेरै वर्ष लाग्ने जलाउदा हाइड्रो कार्वन र क्लोराफ्लोरा कार्वन निस्कने र उक्त ग्यास ले प्राणी को फोक्सोलाई असर पार्ने विज्ञहरुको भनाई रहेको ले कालो पोलिथिन झोलामा प्रोपेलिन बेनाजिन फेनोल र इथिलिन जस्ता रसायन प्रयोग हुन्छ । जसले क्यान्सर

एलर्जी, दम र पेटको समस्या तथा ब्रोकाइटिस रोगहरू निम्त्याउने भएकोले स्वास्थ्यलाई मध्ये नजर राख्दै सावधानी अपनाउन यो निती अबलम्वन गरिने जानकारी गराउन चाहान्छु ।

- आलिताल गाउँपालिका नजिक वडा नं. ८ को घुम्ती सिले मा रहेको मैदान वरीपरी हरियाली बनाउन विशेष पहल लिइनेछ ।
- ढुङ्गा, गिट्टी, बालुवा जस्ता नदीजन्य पदार्थ र अन्य प्राकृतिक श्रोतहरुको अनाधिकृत एवं अवैज्ञानिक दोहनलाई नियन्त्रण गरिनेछ ।

जलाधार संरक्षणः

- गाउँपालिका भित्रका पानीका मूलहरु, जलाधार क्षेत्रहरुको पहिचान गरी संरक्षण गरिनेछ ।
- जलाधार क्षेत्रको संरक्षणका लागि गाउँपालिकाका विभिन्न स्थानहरुमा रिचार्ज पोखरी निर्माण गरिनेछ ।
- आलिताल गाउँपालिका खासगरी वन वातावरण क्षेत्रमा आगलागी भु-क्षय नियन्त्रण र नदिनाला खहरेखोला रोकथाम का लागी Bio Engineering) मार्फत बासका बिरुवा हरू रोप्ने र वृक्षा रोपण को अभियान चलाइने छ ।
- पर्यावरणीय सन्तुलन कायम गर्न सामुदायिक वन उपभोक्ता समिति तथा दातृ निकायहरुसंग सहकार्य गरी उपयुक्त स्थानहरुमा वृक्षारोपण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- सामुदायिक वन उपभोक्ता समिति र दातृ निकायहरुसंगको सहकार्यमा वन डढेलो, वातावरण संरक्षण र विपद व्यवस्थापन सम्बन्धी सचेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ ।

प्रकोप नियन्त्रण तथा विपद व्यवस्थापनः

- गाउँपालिका भित्र रहेका विपदका सम्भावित जोखिमका क्षेत्रहरुको पहिचान गरी विपद न्यूनिकरण तथा व्यवस्थापनको लागि विपद पूर्वतयारी तथा प्रतिकार्य योजनाको आधारमा आवश्यक पूर्वतयारी गरिनेछ ।
- गाउँपालिका तथा वडा स्तरीय विपद व्यवस्थापन समितिको सक्रिय परिचालनको लागि क्षमता अभिवृद्धि कार्यक्रम संचालन गरिनेछ ।

सुशासन तथा संस्थागत विकास

मानव संशाधन विकास तथा संस्थागत क्षमता विकासः

- आयोजनाहरुको दिगो विकास व्यवस्थापनका लागि गाउँपालिका र वडा स्तरीय अनुगमन तथा सुपरिवेक्षण समितिलाई थप क्रियाशिल गराई परिचालन गरिनेछ।
- आर्थिक अनुशासन तथा पारदर्शिता कायम गरी सुशासनको प्रत्याभूति गराउन गाउँपालिका अन्तर्गत कार्यान्वयन गरिने क्रियाकलापहरुको सामाजिक परिक्षण, सार्वजनिक सुनुवाई कार्यक्रम नियमित संचालन गरिनेछन।
- गाउँपालिकाको बेरुजुहरुको अभिलेखिकरण तथा सम्परिक्षण गरि आगामी आर्थिक वर्षमा लेखा परिक्षण मार्फत न्यून बेरुजु कायम गर्ने नीति अवलम्वन गरिनेछ।
- भुक्तानी प्रक्रियालाई सरल र व्यवस्थित बनाउन लागू भएको विद्युतीय भुक्तानी प्रणाली (EFT) लाई थप प्रभावकारी बनाइनेछ।
- संघीय सरकार र प्रदेश सरकारबाट छनौट संचालन र व्यवस्थापन भएका योजनाहरुमा दोहोरपना आउन नदिने गरी योजना छनौट गरिनेछ।
- आर्थिक वर्षको अन्तमा आएर नयाँ योजना स्वीकृत गरी संचालन गर्ने पद्धतिको अन्त्य गरिनेछ, साथै वडा तथा पालिकास्तरीय योजना छनौट तथा संचालन गर्दा उपभोक्ताको बढी लागत साझेदारी हुने योजनालाई पहिलो प्राथमिकता दिइनेछ।
- गाउँपालिकाले सञ्चालन गरेका अधुरा योजनालाई प्राथमिकतामा राखि कार्यान्वयनमा ल्याइनेछ।
- भवन निर्माण गर्नुपूर्व अनिवार्यरुपमा गाउँपालिकाबाट घर नक्सापास गर्ने नीतिलाइ कार्यान्वयनमा ल्याइनेछ।
- लाभग्राहीहरुलाई विभिन्न सेवाहरु प्रदान गर्न घुम्ती सेवाहरु संचालन गरिनेछन।
- गाउँपालिका मार्फत संचालन हुने विभिन्न योजना तथा कार्यक्रमहरुको कार्यान्वयनका लागि गठन गरिएका उपभोक्ता समितिहरु तथा वडा समितिलाई योजना कार्यान्वयनमा सहजताका लागि उपभोक्ता समितिका पदाधिकारीहरुलाई अभिमुखीकरण कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- गाउँपालिका तथा अन्तर्गतका कार्यालयहरुमा कार्यरत कर्मचारीहरुलाई आवश्यकता अनुसार आफू कार्यरत स्थानबाट पालिका भित्रकै अन्य स्थानमा कामकाज गर्ने गरी पदस्थापन गर्न सकिनेछ।

- जिन्सी व्यवस्थापनलाई थप डिजिटल/प्रविधिमैत्री बनाईनेछ ।जिन्सी मालसमान भण्डारणको उचित व्यवस्थापनको व्यवस्था मिलाईनेछ ।

सूचना प्रविधिः

- गाउँपालिकाको कार्यालय तथा मातहतका कार्यालयबाट प्रदान गरिने सेवाहरुलाई प्रविधिको माध्यमबाट थप प्रभावकारी बनाउने नीति अपनाईनेछ साथै गाउँपालिकाका मातहतका कार्यालयहरुमा उच्च गतिको ईन्टरनेट बिस्तार गरिनेछ ।
- गाउँपालिकाको कार्यालय तथा मातहतका कार्यालयमा कार्यरत कर्मचारीहरुको हाजिरी, बिदा तथा सो सँग सम्बन्धित प्रतिवेदनहरु थप प्रभावकारी र स्पष्ट बनाउन केन्द्रिकृत ई-हाजिरी प्रणाली कार्यान्वयनमा ल्याइनेछ ।
- पेपरलेस अफिसको अबधारणालाई पुर्णता दिन सूचना प्रबिधि शाखाको सुदृढिकरण तथा जनशक्ति व्यवस्थापन को लागि समेत स्पष्ट रणनितिक योजना निर्माण गरि कार्यान्वयनमा ल्याइनेछ।
- गाउँपालिकाले संचालन गरेका सूचना प्रविधि प्रणालीहरु Website, Mobile App आदिलाई अनिवार्य रुपमा अवलम्बन गर्ने तथा समयानुकुल अद्यावधिक गरिनेछ ।

राजश्वः

- गाउँपालिका तथा सबै वडा कार्यालयमा लागू गरिएको अनलाइन राजश्व प्रणाली थप सुदृढ र प्रभावकारी बनाइनेछ ।
- राजश्व प्रशासनलाई थप प्रभावकारी र प्रविधिमैत्री बनाउन कर्मचारीहरुका लागि थप तालिमका साथै प्रविधि सूधार तथा क्षमता विकासमा लगानीलाई निरन्तरता दिइनेछ ।
- गाउँपालिकाको आन्तरिक राजश्व अभिवृद्धिका लागि करका नयाँ सम्भाव्य क्षेत्रहरु पहिचान गरिनेछ।
- कर संकलनका लागि विभिन्न संचार माध्यमबाट चेतनामूलक प्रचारप्रसार र समुदाय स्तरीय कर शिक्षा कार्यक्रमका साथै गाउ प्रहरी समेत सञ्चालन गरिनेछ ।

न्यायिक समितिः

- गरिब, असहाय तथा पछाडी पारिएका व्यक्तिहरुको लागि निःशुल्क कानूनी परामर्श तथा सहयोग उपलब्ध गराईनेछ ।
- विवादको समाधान वडास्तरमा नै समाधान गर्न मेलमिलाप केन्द्रलाई गतिशिल बनाईने छ।
- न्यायिक सम्पादन प्रकृयामा सूचना प्रविधिको प्रयोग गरि छिटो छरितो र थप व्यवस्थित गरि यस कार्यलाई सरल, सहज र पहुँचयोग्य बनाइनेछ।
- न्यायीक समितिबाट निर्णय/मेलमिलाप भएका विवादहरुको कार्यान्वयन कडाईका साथ गर्न आवश्यक ऐन निर्माण गरि लागु गरिनेछ ।
- विवाद समाधानका वैकल्पिक उपाय एवं मेलमिलाप सम्बन्धी विद्यमान प्रक्रियालाई थप स्पष्टता साथ अगाडी बढाइनेछ ।
- संविधान तथा कानुन बमोजिम स्थानीय तहलाई प्राप्त अधिकार कार्यान्वयन गर्न नयाँ कानुनी प्रबन्धहरुको तर्जुमा गरि कार्यान्वयनमा ल्याइनेछ।
- न्यायिक समितिलाई थप क्रियाशिल बनाई प्रभावकारी बनाउनेनीति अवलम्बन गरिनेछ ।
- सामुदायिक मेलमिलाप केन्द्रलाई व्यवस्थित बनाउँदै सबै वडा कार्यालयहरुमा स्थापना भै संचालनमा रहेका मेलमिलाप केन्द्रहरुलाई स्तरोन्नति गरि विवाद निरुपण कार्यलाई थप प्रभावकारी बनाइनेछ।
- मानव अधिकारको संरक्षण र सम्वर्द्धनका लागि जनचेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।
- न्यायीक समितिलाई थप उर्जावान विभिन्न तालिमको योजना गरिने छ।

सभाका सदस्य ज्यूहरु,

अन्तमा,

प्रस्तुत नीति तथा कार्यक्रम तयार गर्नमा मार्ग निर्देशन गर्नुहुने उपाध्यक्ष ज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू, वडा अध्यक्ष ज्यूहरु, कार्यपालिका सदस्य ज्यूहरु, वडा सदस्य ज्यूहरु, राष्ट्रसेवक कर्मचारी, विभिन्न राजनीतिक दलका प्रतिनिधि, बुद्धिजीवि, विभिन्न संघसंस्थाहरु, सामाजिक संगठनहरु, नागरिक समाज, सामुदायिक संस्थाहरु, देश तथा विदेशमा रहनुभएका आलिताल गाउँपालिकाका दिदीबहिनी तथा दाजुभाईहरु सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

यस गाउँपालिकाको विकासमा योगदान पुर्याउनुहुने आम नागरिक, विकास साझेदार र अन्य सरकारी तथा गैरसरकारी संघसंस्था प्रति हार्दिक आभार व्यक्त गर्दछु।

धन्यवाद!

शेर सिंह पार्की
अध्यक्ष
आलिताल गाउँपालिका डडेल्धुरा

गाउँसभा अधिवेशनमा पेश तथा स्वीकृत भएकोमिति .....